# कृषिकर्मी रोजगारी कार्यक्रम सञ्चालन कार्यविधि,२०७७

<u>**प्रस्तावना:**</u> कृषि क्षेत्रलाई व्यवसायमूलक, नाफामूलक तथा सम्मानित पेशाको रुपमा विकास गरी युवाहरुलाई रोजगारीका लागि विदेश पलायन हुने प्रवृत्तिलाई न्यूनीकरण गर्न सरकारी र गैर सरकारी वा निजी क्षेत्र मार्फत स्थानीय स्तरमा रोजगारीका अवसरहरु सिर्जना गरी समग्र प्रदेशमा व्यावसायिक कृषि र पशुपन्छीपालनको माध्यमबाट आर्थिक उन्नतिमा टेवा पुऱ्याउने उद्देश्यले,

प्रदेश नं. ५, प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५ को दफा २ ले दिएको अधिकार प्रयोग गरी प्रदेश सरकारले "कृषिकर्मी रोजगारी कार्यक्रम सञ्चालन कार्यविधि,२०७७" स्वीकृत गरी लागू गरेको छ।

## परिच्छेद-१

## <u>प्रारम्भिक</u>

१. <u>**संक्षिप्त नाम र प्रारम्भ:**</u> (१) यस कार्यविधिको नाम "कृषिकर्मी रोजगारी कार्यक्रम सञ्चालन कार्यविधि,२०७७" रहेको छ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ।

२. <u>**परिभाषा:**</u> विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा:-

(क) "अनुदानग्राही" भन्नाले कृषिकर्मी रोजगार कार्यक्रममा संलग्न भई कृषिकर्मीका लागि अनुदान प्राप्त गर्न प्रचलित नियम अनुसार सम्बन्धित निकायमा दर्ता भएको उत्पादन कार्य गर्ने व्यावसायिक कृषि फार्म, उद्यमी, कम्पनी, कृषक समूह वा सहकारी संस्थालाई सम्झनु पर्छ।

(ख) "कार्यक्रम" भन्नाले कृषिकर्मी रोजगारी कार्यक्रम सम्झनु पर्छ।

(ग) "कृषि" भन्नाले खाद्यान्न, तरकारी, फलफुल, पुष्प, व्यावसायिक किट (मौरी, रेशम र च्याउ), पशुपन्छीपालन तथा मत्स्यपालन सम्झनु पर्छ।

(घ) "कृषिकर्मी" भन्नाले व्यावसायिक कृषि, पशुपन्छीपालन तथा मत्स्यपालनसँग सम्बन्धित पेशामा न्यूनतम पारिश्रमिक प्राप्त गर्ने गरी रोजगारीमा संलग्न व्यक्ति सम्झनु पर्छ।

(ङ) “कार्यालय” भन्नाले भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय मातहतको निकायलाई सम्झनु पर्छ।

(च) “निजी क्षेत्र” भन्नाले रोजगार प्रदान गर्ने गैर सरकारी क्षेत्रका कृषि फार्म वा उद्यमी, समूह तथा सहकारी सम्झनु पर्छ।

(छ) “न्यूनतम पारिश्रमिक” भन्नाले कृषिकर्मीले श्रम मापदण्डको समयावधिसम्म काम गरे वापत प्राप्त गर्ने अनुसूची-८ को क्र.सं. १ मा उल्लेखित न्यूनतम वेतन वा तलब रकम सम्झनु पर्छ।

(ज) “प्रस्ताव” भन्नाले कृषिकर्मी रोजगारी कार्यक्रम सञ्चालन गर्नको लागि कृषि फर्म वा उद्यमी, समूह तथा सहकारीद्वारा पेश भएको विस्तृत कार्य विवरण सम्झनु पर्छ।

(झ) "मन्त्रालय" भन्नाले प्रदेश नं. ५, भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय सम्झनु पर्छ।

(ञ) “रोजगारदाता” भन्नाले रोजगार प्रदान गर्ने कृषि फार्म वा उद्यमी, समूह तथा सहकारी र कुनै पनि सरकारी निकाय सम्झनु पर्छ।

(ट) “सरकारी क्षेत्र” भन्नाले रोजगार प्रदान गर्ने श्रोत विकास र व्यावसायिक नमुना फार्म सञ्चालन गर्ने मन्त्रालय मातहतका सरकारी निकायलाई सम्झनु पर्छ।

३. <u>उद्देश्यहरुः</u> यस कार्यविधिको उद्देश्यहरु देहायबमोजिम रहेका छन् :-

(क) कृषि क्षेत्रलाई सघनीकरण, विविधीकरण, व्यवसायीकरण र आधुनिकीकरण गर्न दीगो रुपमा दक्ष कृषिकर्मीको विकास गर्ने,

(ख) ग्रामीण क्षेत्रमा उपलव्ध श्रोत साधनको अधिकतम उपयोग गरी कृषि विकास गर्न स्थानीय रोजगारी सिर्जना गर्ने,

(ग) श्रमशक्ति पलायन हुने क्रम रोकी कृषिलाई आकर्षित क्षेत्रको रुपमा विकास गर्ने,

(घ) गैर कृषि क्षेत्रको रोजगार सरह वा सो भन्दा सम्मानित रोजगारको रुपमा कृषि क्षेत्रको रोजगारलाई स्थापित गर्ने,

(ङ) कृषि श्रममा संलग्न दक्ष, अर्धदक्ष र अदक्ष कृषिकर्मीलाई निरन्तरता दिई कृषि पेशालाई विशिष्टिकृत गर्ने,

(च) सरकारी निकायबाट व्यावसायिक नमुना फार्म स्थापना गरी कृषिकर्मीहरुलाई रोजगारी सिर्जना गर्नुको साथै कृषिकर्मीहरुलाई नै मालिकको रुपमा उक्त फार्म हस्तान्तरण गर्ने।

## परिच्छेद-२

## निजी क्षेत्रको सहकार्यमा कृषिकर्मी रोजगार कार्यक्रम सञ्चालन प्रक्रिया

४. **निजी क्षेत्रको सहकार्यमा कार्यक्रम सञ्चालनका शर्तहरु:** (१) यस कार्यक्रममा सहभागी हुन अनुसूची-३ बमोजिमको न्यूनतम मापदण्ड पुऱ्याएको कृषि क्षेत्रको उत्पादनमूलक व्यवसाय सञ्चालन गरिरहेको हुनु पर्नेछ।

(२) यस कार्यक्रममा सहभागी हुनको लागि कम्तिमा २ जनालाई परिवारका सदस्य बाहेकका कृषिकर्मीलाई रोजगारी दिएको हुनु पर्नेछ। तर परिवारका सदस्यहरुलाई कृषिकर्मी रोजगारका लागि गणना गरिने छैन।

(३) अनुदानग्राहीले करार शर्तनामा अनुसार कम्तिमा १ वर्षको नियुक्ति पत्र दिई रोजगारीमा आवद्ध गराएको हुनु पर्नेछ।

(४) रोजगारदाताले कृषिकर्मीलाई प्रचलित नियमानुसार सामाजिक सुरक्षा कोष लगायतको रकम सम्झौतामा उल्लेख गरी उपलब्ध गराउनु पर्नेछ।

(५) यस कार्यक्रम अन्तर्गत उपलब्ध गराइने सुविधा कृषि तथा पशुपन्छीको प्राथमिक उत्पादन क्षेत्रमा काम गर्ने कृषिकर्मीहरुलाई मात्र उपलब्ध गराइनेछ ।

(६) रोजगारदाताले श्रमिकलाई प्रचलित नियमानुसार दैनिक काम गर्ने अवधि र विदाको व्यवस्था मिलाएको हुनु पर्नेछ अन्यथा बढी काम गरे वापत छुट्टै अतिरिक्त समय भत्ताको व्यवस्था मिलाएको हुनु पर्नेछ।

(७) प्रदेश सरकारले निजी क्षेत्रको साझेदारीमा अनुसुची-८ अनुसार न्यूनतम पारिश्रमिक र सामाजिक सुरक्षा कोषमा जम्मा गर्नुपर्ने आंशिक रकम उपलब्ध गराउनेछ।

(८) अनुदानग्राहीलाई कार्य प्रकृति र व्यवसायका आधारमा प्रदेश सरकारले कृषिकर्मीको आंशिक पारिश्रमिक रकम र सामाजिक सुरक्षा कोषमा प्रदान गरिने रकम संझौता भएको मितिबाट दुई आर्थिक वर्षसम्म उपलब्ध गराउनेछ।

(९) दुई आर्थिक वर्ष पश्चात यस कार्यक्रम कार्यान्वयनको प्रभाव मूल्याङ्कन गरिनेछ र प्रभावकारी रुपमा संचालन भएका अनुदानग्राहीको हकमा अनुसुची-८ वमोजिम पाँच वर्षसम्म अवधि थप गर्न सकिनेछ।

(१०) नयाँ कृषिकर्मी छनौट गर्नु परेमा पछाडि परेका लक्षित वर्ग तथा गरिबीको रेखामुनी रहेको समुदायलाई प्राथमिकता दिई छनौट गर्नु पर्नेछ।

५. **कार्यक्रम सञ्चालन प्रक्रिया** : (१) मन्त्रालयले निजी क्षेत्रका लागि अनुसूची-१ बमोजिमको ढाँचामा कम्तिमा ३० दिने सूचना प्रकाशन गर्नेछ।

(२) कार्यक्रममा सहभागी हुन ईच्छुक अनुदानग्राहीहरुले अनुसूची-२ बमोजिमको ढाँचामा आवेदन दिनु पर्नेछ। तर दफा ६ अनुसार सरकारी निकायबाट साझेदारीमा स्थापना हुने नमुना फार्मको हकमा सरकारी निकायहरुले प्रस्ताव तयार गरी सोझै प्रस्ताव पेश गर्न सक्नेछन।

(३) कार्यक्रममा सहभागी हुन ईच्छुक अनुदानग्राहीले दरखास्त पेश गर्दा स्थानीय तह, ज्ञान केन्द्र वा विज्ञ केन्द्रको सिफारिस सहित अनुसूची-५ बमोजिमको ढाँचामा कृषिकर्मीको व्यक्तिगत विवरण समेत अनिवार्य पेश गर्नु पर्नेछ।

(४) कार्यक्रममा सहभागी हुनको लागि कार्यक्रमको दीगोपनाको कार्ययोजना सहित अनुसूची-४ बमोजिमको ढाँचामा प्रस्ताव तयार गरी पेश गर्नु पर्नेछ।

## परिच्छेद-३

## सरकारी निकायबाट सञ्चालन हुने व्यावसायिक नमुना फार्ममा कृषिकर्मी रोजगारी कार्यक्रम

६. **व्यावसायिक नमुना कृषि फार्म सञ्चालन प्रक्रियाः** (१) कार्यालयहरुले स्वीकृत बजेटको परिधी भित्र रही कम्तीमा सम्भाव्य एक एक वटा व्यावसायिक नमुना फार्महरु स्थापना गरी सञ्चालन गर्नु पर्नेछ।

(२) उपदफा (१) अनुसार स्थापना हुने व्यावसायिक नमुना फार्मको स्थापना तथा व्यवस्थापन सम्बन्धित कार्यालय र कृषिकर्मीहरुको संलग्नतामा सञ्चालन गरिनेछ।

(३) उपदफा (१) बमोजिम स्थापना हुने व्यवसायिक नमुना फार्म सञ्चालन तथा व्यवस्थापनको लागि मन्त्रालयले आवश्यकता अनुसार सञ्चालन प्रक्रिया स्वीकृत गरी लागू गर्न सक्नेछ।

(४) उपदफा (१) बमोजिम स्थापना हुने व्यवसायिक नमुना फार्मले पनि कृषिकर्मीलाई काममा लगाउँदा प्रदेश सरकारबाट उपलब्ध हुने प्रचलित कानून बमोजिमको सेवा सुविधा प्राप्त गर्नेछन्।

(५) व्यावसायिक नमुना फार्म स्थापना तथा सञ्चालनका लागि स्वीकृत व्यावसायिक कार्ययोजना अनुसार मन्त्रालयले बढीमा २० लाखसम्म बीउ पूँजी कोष रकम उपलव्ध गराउन सक्नेछ।

(६) उपदफा (५) बमोजिम उपलब्ध गराएको बीउपुँजी कोष व्यावसायिक फार्मको प्रकृति अनुसार मन्त्रालयले तोकेको अवधि भित्र अनिवार्य फिर्ता गर्नु पर्नेछ।

(७) बीउपुँजी कोषको लगानी प्राकृतिक विपद्‌बाट हुन सक्ने हानी नोक्सानीलाई सुरक्षित गर्न कृषि बिमा अनिवार्य गर्नु पर्नेछ।

(८) व्यावसायिक नमुना फार्मको लागि आवश्यक जग्गा सहभागी कृषक वा कृषिकर्मीहरुको आफ्नै वा भाडामा लिएर स्थापना गर्न सकिनेछ।

(९) सम्बन्धित कार्यालयले कृषिकर्मीको प्रत्यक्ष संलग्नतामा व्यावसायिक नमुना फार्मको आम्दानी र खर्च सहित सबै विवरण दुरुस्त राख्नु पर्नेछ।

(१०) यस दफा अनुसार स्थापना भई सञ्चालन हुने व्यावसायिक नमुना फार्महरुले श्रोत केन्द्र तथा सीप विकास प्रयोजनको लागि समेत उपयोग गरी सो उपयोग गरे वापत सरकारी, निजी संस्था वा सहकारीहरुले तोकिएको सेवा शुल्क तिर्नु पर्नेछ।

(११) यस्तो व्यावसायिक नमुना फार्म स्थापना गरी सञ्चालन गर्ने कार्यालय र व्यवस्थापनमा संलग्न कर्मचारीहरुलाई खुद आम्दानीको २० प्रतिशत रकम प्रोत्साहन स्वरुप उपलब्ध गराइनेछ।

(१२) उपदफा (११) अनुसार कर्मचारीहरुले नियमानुसार पाउने प्रोत्साहन रकम बाहेक अन्य सबै नाफा नोक्सानको जिम्मेवारी संलग्न कृषक वा कृषिकर्मीहरुको हुनेछ।

(१३) व्यावसायिक योजना अनुसार उक्त फार्ममा संलग्न कृषक समूह वा कृषिकर्मीहरुलाई हस्तान्तरण गरी अन्य सम्भाव्य स्थानमा अर्को व्यावसायिक नमुना फार्म स्थापना गरिनेछ।

## परिच्छेद-४

## समिति सम्बन्धी व्यवस्था

७. **निर्देशक समिति** : (१) कार्यक्रम सञ्चालनको लागि नीतिगत व्यवस्था तथा समस्या समाधानको सम्बन्धमा आवश्यक निर्देशनका लागि देहाय बमोजिमको निर्देशक समिति गठन हुनेछः-

| | | | |
|---|---|---|---|
| (क) | मन्त्री | भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय | अध्यक्ष |
| (ख) | सचिव | भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय | सदस्य |
| (ग) | प्रमुख | योजना तथा अनुगमन महाशाखा, मन्त्रालय | सदस्य-सचिव |

(२) निर्देशक समितिले आवश्यकता अनुसार बढीमा २ जना विशेषज्ञ वा पदाधिकारीलाई समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ।

८. **निर्देशक समितिको काम, कर्तव्य र अधिकार** : निर्देशक समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) दफा ६ अनुसार स्थापना हुने नमुना कृषि फार्मको व्यावसायिक योजना स्वीकृत गर्ने,

(ख) खण्ड (क) बमोजिम स्वीकृत व्यावसायिक नमुना फार्म स्थापना र सञ्चालनको लागि आवश्यक पर्ने सञ्चालन तथा व्यवस्थापन कार्यविधि तयार गर्ने,

(ग) समुदायमा हस्तान्तरण नभएसम्म खण्ड (क) बमोजिमको व्यावसायिक नमुना फार्मबाट प्रवाह हुने सेवा तथा उत्पादनको बिक्री मूल्य निर्धारण गर्ने,

(घ) व्यावसायिक नमुना फार्म हस्तान्तरणको लागि विधि तय गर्ने र दीगो व्यवस्थापनको लागि आवश्यक समन्वय गर्ने,

(ङ) कृषिकर्मी रोजगार कार्यक्रमको प्रभाव मूल्याङ्कनको आधार तयार गरी प्रभावकारी सञ्चालनका लागि समन्वय गर्ने तथा अन्य आवश्यक निर्देशन दिने।

९. **कार्यक्रम व्यवस्थापन समिति** : (१) यस कार्यविधि बमोजिमको कार्यक्रम सञ्चालनको लागि देहाय बमोजिमको कार्यक्रम व्यवस्थापन समिति गठन हुनेछ :-

| | |
|---|---|
| (क) सम्बन्धित कार्यालयको कार्यालय प्रमुख | अध्यक्ष |
| (ख) कार्यक्रम सञ्चालन गर्ने महाशाखा वा शाखा प्रमुख | सदस्य |
| (ग) योजना महाशाखा वा शाखा प्रमुख | सदस्य |
| (घ) आर्थिक प्रशासन शाखा प्रमुख | सदस्य |
| (ङ) सम्बन्धित कार्यक्रम हेर्ने शाखाको अधिकृत वा प्रविधिक | सदस्य सचिव |

(४) कार्यक्रम व्यवस्थापन समितिले आवश्यकता अनुसार बढीमा २ जना विज्ञ, विशेषज्ञ वा पदाधिकारीलाई समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ।

१०. **कार्यक्रम व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार** : कार्यक्रम व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) कार्यक्रम सञ्चालनको लागि प्रस्ताव आह्वान गर्ने,

(ख) प्राप्त प्रस्तावहरुको स्थलगत अवलोकन समेत गरी प्रविधिक तथा आर्थिक मुल्याङ्कन गर्ने, गराउने,

(ग) व्यावसायिक नमुना फार्महरुमा कृषिकर्मी रोजगार कार्यक्रम सञ्चालनको लागि अनुदान रकम स्वीकृत गर्ने,

(घ) सरकारी निकायबाट प्रस्ताव गरिएका प्रविधिक तथा आर्थिक रुपमा योग्य व्यवसायिक नमुना फार्म स्थापना गर्न सिफारिस गर्ने,

(ङ) दफा ६ बमोजिम स्थापना भएका व्यावसायिक नमुना फार्म स्थापना तथा सञ्चालनका लागि स्वीकृत व्यावसायिक कार्ययोजना अनुसार बीउ पूँजी कोष रकम उपलब्ध गराउने।

## परिच्छेद ५

## सम्झौता तथा अनुदान रकम प्रवाह सम्बन्धी व्यवस्था

११. **सम्झौता अनुसार कार्यक्रम सञ्चालन हुने:** (१) निजी क्षेत्रको सहकार्यमा कार्यक्रम सञ्चालनको लागि अनुसूची-७ बमोजिमको ढाँचामा सम्झौता गरी सोही अनुसार अनुदान रकम प्रवाह गरिनेछ।

(२) कृषिकर्मीले नियमानुसार पाउने पारिश्रमिक रकम रोजगारदाताले भुक्तानी गरिसके पछि कृषिकर्मीको व्यक्तिगत विवरण, नियुक्ति पत्र, मासिक रुपमा हाजिर गरी कार्य गरेको प्रमाणित कागजात, पारिश्रमिक रकम भुक्तानी गरेको कागजात पेश गरेपछि मन्त्रालयले रोजगारदाताको बैंक खातामा पारिश्रमिक रकम शोधभर्ना गराउनेछ।

(३) अन्य विषयहरु सम्झौता पत्रमा उल्लेख भए अनुसार तथा प्रचलित कानून बमोजिम हुनेछ।

(४) दफा ६ अनुसार स्थापना हुने व्यावसायिक नमुना फार्मको सम्बन्धमा पनि कार्यक्रम व्यवस्थापन समितिले यही दफा बमोजिमको प्रक्रिया पुरा गरी कार्यक्रम सञ्चालन तथा अनुदान प्रवाह गर्नु पर्नेछ।

## परिच्छेद-६

## विविध

१४. **अनुगमन तथा मूल्याङ्कन** : कार्यक्रमको अनुगमन मन्त्रालय, निर्देशनालय र मातहतका कार्यालयबाट गरिनेछ।

१५. **प्रचलित कानून बमोजिम हुनेः** यस कार्यविधिमा उल्लेख भएको विषयमा यसै कार्यविधि बमोजिम र अन्य विषयमा प्रचलित कानून बमोजिम हुनेछ।

१६. **सूचना दिनुपर्नेः** यस कार्यविधि बमोजिम प्रदान गरिने प्रोत्साहान रकम तथा कृषिकर्मीको विवरण होर्डिङबोर्डमा खुल्ने गरी कार्यक्रम स्थलमा राख्ने व्यवस्था गर्नु पर्नेछ।

१६. **संशोधन तथा हेरफेर** : यस कार्यविधिको अनुसूचीहरुमा मन्त्रालयले आवश्यकता अनुसार थपघट तथा हेरफेर गर्न सक्नेछ।

अनुसूची-१
(दफा ५ को उपदफा (१) सँग सम्बन्धित)

**प्रदेश सरकार**
**प्रदेश नं. ५**
**भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय**
**..............................**
**......................**

**<u>कृषिकर्मी रोजगारी कार्यक्रमको लागि प्रस्ताव अह्वानको सूचनाको ढाँचा</u>**

(प्रथम पटक सूचना प्रकाशित मिति :................)

.......... को आर्थिक वर्ष ........./......... को वार्षिक स्विकृत कार्यक्रम अनुसार ........... जिल्लामा सञ्चालन हुने कृषिकर्मी रोजगारी कार्यक्रम सञ्चालनमा सहभागी हुन इच्छुक निजी कृषि कम्पनी/फार्म/उद्यमी, समूह तथा सहकारीहरुबाट प्रस्ताव माग गर्न यो सूचना प्रकाशन गरिएको छ। सूचना प्रकाशित भएको मितिले ३० दिन भित्र तपसिल वमोजिमका कागजातहरु संलग्न गरी सिलवन्दी प्रस्ताव पेश गर्नु हुन सूचित गरिन्छ। साथै रीत नपुगी दर्ता भएका प्रस्तावहरु छनौटको प्रक्रियामा समावेश गरिने छैन।

<u>तपसिल</u> :

१.अनुसूची-२ बमोजिमको ढाँचामा आवेदन फारम र तोकिएका कागजातहरु

२.अनुसूची-४ बमोजिमको ढाँचामा कार्ययोजना/प्रस्ताव

३. अनुसूची-५ बमोजिमको ढाँचामा कृषिकर्मीको व्यक्तिगत विवरण

**नोट:** माथी उल्लेखित कार्यक्रमको कार्यविधि कार्यालयको Website: ..................... बाट डाउनलोड गरी हेर्न सकिने छ साथै थप जानकारीको लागि ................. कार्यालयमा सम्पर्क गर्न सकिने छ।

## अनुसूची-२

(दफा ५ को उपदफा (२) सँग सम्बन्धित)

**<u>कृषिकर्मी रोजगारी कार्यक्रमको सहयोग प्राप्त गर्नका लागि दिईने आवेदन-पत्रको ढाँचा</u>**

श्री ....................,

.................................... ।

**विषयः कृषिकर्मी रोजगारी कार्यक्रम सम्बन्धमा।**

महोदय,

उपर्युक्त विषयमा त्यस कार्यालयको मिति २०७ .../ ... /.... गते का दिन ...........मा प्रकाशित सूचना अनुसार .................. संस्थाको म ....................... (नाम र पद) ले कृषिकर्मी रोजगारी कार्यक्रम सञ्चालनमा सहभागी हुन इच्छुक भई तपसिल अनुसारका कागजातहरु यसै निवेदन साथ संलग्न राखी  यो निवेदन पेश गरेको छु।

<u>तपसिल</u> :

१. अनुदानग्राहीको सम्बन्धित निकायमा दर्ता तथा नवीकरण गरेको प्रमाणपत्रको प्रतिलिपि
२. स्थायी लेखा नं. को प्रमाण पत्रको प्रतिलिपी
३. गत आ.व सम्मको लेखा परीक्षण प्रतिवेदन र कर चुक्ताको कागजात
४. सम्बन्धित व्यवसाय सञ्चालकको नागरिकताको प्रमाण पत्रको प्रतिलिपी
५. अनुसूची-४ अनुसारको सहभागिताका लागि संक्षिप्त कार्ययोजना/प्रस्ताव
६. स्थानीय तहको कार्यक्रममा सहभागी गराउने सिफारिस पत्र
७. जग्गाधनी प्रमाण पुर्जाको प्रतिलिपि अथवा जग्गा कम्तिमा ५ वर्ष करारमा लिइएको करारनामा
८. सामाजिक सुरक्षा कोषमा सूचीकृत भएको प्रमाणपत्र वा गराउने प्रतिवद्धता पत्र
९. फार्मको आकार (क्षेत्रफल), बार्षिक कारोवार कृषि फार्म/उद्यमी, समूह  तथा सहकारीमा कार्यरत कृषिकर्मीहरुको  अनुसूची-५ बमोजिमको विवरण
१०. कृषिकर्मीहरुको स्थायी लेखा नं. को प्रतिलिपि (लिएको नभए कार्यक्रममा समावेश भएपछि अनिवार्य)

रोजगारदाता संस्थाको नाम :

छापः

प्रमुख/सम्पर्क व्यक्तिको नाम :

दस्तखतः

ठेगानाः

सम्पर्क नं. :

ईमेल ठेगाना :

# अनुसूची-३

(दफा ४ को उपदफा (१) सँग सम्बन्धित)

## कृषिकर्मी रोजगारी कार्यक्रम अन्तर्गत आवश्यक न्यूनतम मापदण्ड

| क्र.सं. | व्यवसायको प्रकृति | इकाई | न्यूनतम मापदण्ड | थप | रोजगारी सङ्ख्या (व्यक्ति) |
|---|---|---|---|---|---|
| १ | गाई/भैसी/बङ्गुर | संख्या | २० | थप प्रति २० वटा पशु संख्यालाई १ जनाका दरले थप हुने | २ देखि १० जना सम्म |
| २ | भेडा/बाख्रा | संख्या | ४० | थप प्रति ३० वटा पशु संख्यालाई १ जनाका दरले थप हुने | २ देखि १० जना सम्म |
| ३ | कुखुरा (लेयर्स वा स्थानीय) | संख्या | ४००० | थप प्रति २००० वटालाई १ जनाका दरले थप हुने | २ देखि १० जना सम्म |
| ४ | माछापालन | क्षेत्रफल | पहाडमा २० रोपनी तराईमा २ हेक्टर | पहाडमा थप प्रति २० रोपनी र तराईको लागि थप प्रति २ हेक्टर १ जनाका दरले थप हुने | २ देखि १० जना सम्म |
| ५ | खाद्यान्न, तरकारी, पुष्प खेती र बीउ उत्पादन | क्षेत्रफल | २० रोपनी (पहाडमा) २ हेक्टर (तराईमा) (वर्षभरी बढीमा ३ बालीसम्म खेति गर्नु पर्ने) | थप प्रति १० रोपनी पहाडमा र थप प्रति १ हेक्टर तराईको लागि १ जनाका दरले थप हुने | २ देखि १० जना सम्म |
| ६ | फलफुल | क्षेत्रफल | ३० रोपनी (पहाडमा) ३ हेक्टर (तराईमा) | थप प्रति २० रोपनी पहाडमा र थप प्रति २ हेक्टर तराईको लागि १ जनाका दरले थप हुने | २ देखि १० जना सम्म |
| ७ | नर्सरी सबै | क्षेत्रफल | १० रोपनी पहाडमा १ हेक्टर तराईमा | थप प्रति ५ रोपनी | २ देखि १० जना |

| क्र.सं. | व्यवसायको प्रकृति | इकाई | न्यूनतम मापदण्ड | थप | रोजगारी सङ्ख्या (व्यक्ति) |
|---|---|---|---|---|---|
| | | | | पहाडमा र थप प्रति .५ हेक्टर तराईको लागि १ जनाका दरले थप हुने | सम्म |
| ८ | मौरी, रेशम किरा, च्याउ खेति, आदिको उत्पादन | कृषि व्यवसायको प्रकृति अनुसार व्यवसायिक योजनाको आधारमा मापदण्ड स्वीकृत गरिने | | | २ देखि १० जना सम्म |
| ९ | एकिकृत कृषि फार्म | कृषि तथा पशुपन्छी क्षेत्रको प्रकृति अनुसार व्यवसायिक योजनाको आधारमा मापदण्ड | | | २ देखि १५ जना सम्म |

**नोट :**

- गाई भैंसी वंगुर भेडा बाखा र कुखुराको हकमा संख्या भन्नाले माउ पशुपन्छीको संख्या जनाउँछ।
- न्यूनतम मापदण्ड पुगेका कृषि उद्यमीले २ जनासम्म कृषिकर्मी राख्न सक्नेछ।

# अनुसूची-४

(दफा ५ को उपदफा (४) को खण्ड (ग) सँग सम्बन्धित)

**<u>रोजगारदाताको विवरण/प्रस्तावको ढाँचा</u>**

<table>
<tr><td colspan="10">क) प्राविधिक प्रस्तावः</td></tr>
<tr><td>१</td><td colspan="8">रोजगारदाता संस्थाको नाम</td><td></td></tr>
<tr><td>२</td><td colspan="8">ठेगाना</td><td></td></tr>
<tr><td>३</td><td colspan="8">आवदेकको नाम</td><td></td></tr>
<tr><td>४</td><td colspan="8">ठेगाना</td><td></td></tr>
<tr><td>५</td><td colspan="8">आवेदकको सम्पर्क टेलिफोन नं., फयाक्स् नं., मोवाइल नं.</td><td></td></tr>
<tr><td>६</td><td colspan="8">आवेदकको ई-मेल ठेगाना</td><td></td></tr>
<tr><td>७</td><td colspan="8">आवेदक संस्थाको दर्ता नम्बर</td><td></td></tr>
<tr><td>८</td><td colspan="8">दर्ता भएको निकाय र दर्ता मिति</td><td></td></tr>
<tr><td>९</td><td colspan="8">भ्याट/पान दर्ता नम्बर</td><td></td></tr>
<tr><td>१०</td><td colspan="8">व्यवसायको प्रकृति/नाम</td><td></td></tr>
<tr><td>११</td><td colspan="8">व्यवसाय गरेको संख्या/हेक्टर</td><td></td></tr>
<tr><td>१२</td><td colspan="8">कारोवारको किसिम</td><td></td></tr>
<tr><td>१३</td><td colspan="8">कारोवारको परिणाम</td><td></td></tr>
<tr><td>१४</td><td colspan="8">कूल लगानी रकम</td><td></td></tr>
<tr><td>१५</td><td colspan="9">व्यवसायको उद्देश्यः</td></tr>
<tr><td>१५.१</td><td colspan="9"></td></tr>
<tr><td>१५.२</td><td colspan="9"></td></tr>
<tr><td>१६</td><td colspan="9">व्यवसाय सञ्चालन भएको स्थलमा विद्यमान भौतिक पूर्वाधारहरुः</td></tr>
<tr><td>१६.१</td><td colspan="3">सडक सुविधा (छ/छैन)</td><td></td><td colspan="4">नजिकको बजारको नाम</td><td></td></tr>
<tr><td>१६.२</td><td colspan="3">कस्तो सडक छ (कच्चि/पक्कि)</td><td></td><td colspan="4">बजार सम्मको दुरी (कि.मी.)</td><td></td></tr>
<tr><td>१६.३</td><td colspan="3">बिजुलीको सुविधा (छ/छैन)</td><td></td><td colspan="4">सदरमुकाम देखिको दुरी (कि.मी.)</td><td></td></tr>
<tr><td>१६.४</td><td colspan="3">खानेपानीको सुविधा (छ/छैन)</td><td></td><td colspan="4">जग्गाको स्वामित्व (आफ्नै/भाडामा)</td><td></td></tr>
<tr><td rowspan="3">१६.५</td><td colspan="9">भवन/सेड, मेशिनरी, सवारी साधन र यन्त्र उपकरणको किसिम र संख्या उल्लेख गर्नेः</td></tr>
<tr><td>भवन/सेड संख्या</td><td></td><td>मेशिन संख्या</td><td></td><td>सवारी संख्या</td><td></td><td>उपकरण संख्या</td><td colspan="2"></td></tr>
<tr><td>किसिम</td><td></td><td>किसिम</td><td></td><td>किसिम</td><td></td><td>किसिम</td><td colspan="2"></td></tr>
<tr><td>१७</td><td colspan="7">प्रत्यक्ष लाभान्वित हुनेको संख्याः</td><td colspan="2"></td></tr>
<tr><td rowspan="2">१८</td><td colspan="4" rowspan="2">लक्षित समुदाय (अप्रत्यक्ष लाभान्वित हुनेको संख्या)</td><td>पूरुष</td><td>महिला</td><td>दलित</td><td>जनजाति</td><td>अन्य</td></tr>
<tr><td></td><td></td><td></td><td></td><td></td></tr>
</table>

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| १९. | विद्यमान कृषिकर्मीको विवरण | | | | | | | |
| | कृषिकर्मीको नाम | ठेगाना | सम्पर्क नं. | उमेर | शैक्षिक योग्यता | कैफियत | | |
| १९.१ | | | | | | | | |
| १९.२ | | | | | | | | |
| १९.३ | | | | | | | | |
| १९.४ | | | | | | | | |
| सम्बोधन गर्ने कृषिकर्मी रोजगारी संख्या : | | | | | | | | |
| ख) लागत साझेदारीको विस्तृत विवरण | | | | | | | | |
| क्र.सं. | क्रियाकलाप | ईकाई | परिमाण | दर | कुल लागत रकम रु. | रोजगार दाताको योगदान रु. | कृषिकर्मीको योगदान रु | कार्यालयको अनुदान रु. |
| १ | पारिश्रमिक | | | | | | | |
| २ | सामाजिक सुरक्षा कोष | | | | | | | |
| ३ | अतिरिक्त भत्ता | | | | | | | |
| ४ | अन्य | | | | | | | |
| कूल जम्मा रकम | | | | | | | | |
| उल्लेखित सम्पूर्ण विवरणहरु सहि रुपमा पेश गरेको छु/छौ। कहिंकतै झुठो ठहरेमा कानून बमोजिम सहुँला/बुझौंला। | | | | | | | | |
| प्रस्तावक संस्थाको जिम्मेवार पदाधिकारीको | | | | | | | | |
| नाम : | | | | | | | | |
| पद : | | | | | | | | |
| हस्ताक्षर : | | | | | | | | |
| मिति : | | | | | | | | |
| संस्थाको छाप : | | | | | | | | |

## अनुसूची-५

(दफा ५ को उपदफा (३) सँग सम्बन्धित)

### कृषिकर्मीको व्यक्तिगत विवरण

१) नामः-

२) लिङ्ग :- महिला पुरुष

३) बैबाहिक स्थिति :- विवाहित अविवाहित

४) ठेगाना : जिल्ला ......... स्थानीय तह......................

वडा. नं ............. गाउँ वा टोल ......... सम्पर्क नं.ः .........

५) उमेर : .......... वर्ष (जन्म मिति .......... .......... ..........)

६) शैक्षिक स्तर :

क) निरक्षर ख) साक्षर ग) एस.ई.ई. घ) एस.ई.ई. भन्दा माथि

७) परिवार संख्या : ................

८) यस अगाडि गर्ने गरेको कामको विवरण : ......................................................

९) तपाईको कृषि क्षेत्रमा काम गर्दा के के र कति अनुभव लिनुभएको छ?

.......................................................................................................................

१०) तपाईले कृषि सम्बन्धी तालिम कहिले, कहाँ र के विषयमा लिनु भएको छ ?

| क्र. सं. | विषय | स्थान | मिति | अवधि |
|---|---|---|---|---|
| | | | | |
| | | | | |

११) तपाईं कुन कृषि क्षेत्रमा काम गर्न चाहनु हुन्छ ? ............................................

१२) तपाईले सामाजिक सुरक्षाकोषमा आफ्नो पारिश्रमिकको दश प्रतिशत रकम जम्मा गर्न प्रतिवद्ध हुनुहुन्छ ? ..........................................................

१३) तपाईले कृषिकर्मीको रुपमा कार्य गर्दा कस्तो किसिमको सिप तथा तालिम लिन चाहनुहुन्छ ?

..........................................................

१४) कृषिकर्मी रोजगार प्राप्त गर्दा समस्या देख्नु भएको छ भने के समस्या देख्नु भएको छ?

...............................................................................................................

१५) तपाई विचारमा कृषिकर्मी रोजगार कार्यक्रम के के गर्दा अझै प्रभावकारी हुन सक्छ ?

...............................................................................................................

१६) तपाई सामाजिक सुरक्षा कोषमा सूचिकृत हुनुभएको छ ? .............................

१७) तपाई प्रधानमन्त्री रोजगार कार्यक्रममा सूचिकृत हुनुभएको छ ? .............................

१८) तपाई आफुलाई कुन समुदायको ठान्नु हुन्छ?

क) ब्राहमण/क्षत्री ख) आदिवासी जनजाति ग) मुस्लिम घ) मधेसी

ङ) दलित च) लोपोन्मुख जातजाति छ) अन्य ................

## अनुसूची-६

(दफा १२ को खण्ड (ग) सँग सम्बन्धित)

**निजी क्षेत्रको सहकार्यमा कृषिकर्मी रोजगार कार्यक्रमको प्रस्ताव मूल्याङ्कनका आधार**

| क्र.स. | मूल्याङ्कनका आधारहरु | अधिकतम अङ्कभार | कैफियत |
|---|---|---|---|
| १ | **कृषि फर्म/उद्यमी, समूह तथा सहकारी दर्ता** (१ वर्ष पूरानो भए २ अङ्क, २ वर्ष पूरानो भए ३ अङ्क र ३ वा सो भन्दा बढी पूरानो भए ५ अङ्क) | ५ | |
| २ | **कारोवारको किसिम** (एकल भए १० अङ्क, ३ भन्दा बढीको साझेदारी भए १२ अङ्क र समूह वा सहकारीको सामूहिक लगानी भए १५ अङ्क) | १५ | |
| २ | **लगानी** (१० लाखसम्म २ अङ्क, १०-५० लाख सम्म ३ अङ्क, ५० लाख देखि १ करोड सम्म ४ अङ्क र १ करोड भन्दा बढी ५ अङ्क) | ५ | जग्गा बाहेक |
| ३ | **कारोवारको मात्रा** (वार्षिक १० लाखसम्म ७ अङ्क, १०-५० लाखसम्म ९ अङ्क, ५०-७५ लाखसम्म ११ अङ्क, ७५लाख देखि १ करोड सम्म १३ अङ्क, १ करोड भन्दा बढी १५ अङ्क) | १५ | |
| ४ | **कृषीकर्मीको रोजगारी** (३ जना सम्म ९ अङ्क, ४-६ जना सम्म ११ अङ्क, ७-९ जना सम्म १३ अङ्क, १० वा सो भन्दा बढी १५ अङ्क) | १५ | |
| ५ | **व्यवसायको उत्पादन योजना** (खाद्यान्न तरकारी माछा मासु वा माछा उत्पादन १० अङ्क, बीउ बेर्ना नश्ल वा भुरा उत्पादन १२ प्रशोधन समेत गर्ने भए १५) | १५ | |
| ६ | **सामाजिक सुरक्षा कोषमा सूचिकृत** (भएको २० अङ्क वा हुने भए १५ अङ्क) | १० | |
| ७ | **प्रधानमन्त्री रोजगार कार्यक्रममा सूचिकृत** (भएको १० अङ्क, नभए ७ अङ्क) | १० | |
| ८ | **समावेशिता** (महिला, दलित तथा लोपोन्मुख जातिको भए १०, आदिवासी/मुस्लिम/मधेसी भए ८, अन्य भए ६ | १० | |
| | जम्मा | १०० | |

नोटः बजेटको उपलब्धत भएमा न्यूनतम योग्यता पूरा गर्ने सबै यस कार्यक्रममा समावेश हुनेछन तर बजेटको कमी हुन गएमा उल्लेखित सूचाकाङ्कको आधारमा छनौट गरिनेछ।

## अनुसूची-७

(दफा १३ को उपदफा (१) सँग सम्बन्धित)

**कृषिकर्मी रोजगारी कार्यक्रम सञ्चालनको लागि गरिने सम्झौता पत्रको ढाँचा**

प्रदेश सरकार, प्रदेश नं ५, भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय मार्फत सञ्चालन गरिने चालु आ.व. ............ को स्वीकृत ...................................... कार्यक्रम सञ्चालन गर्न ...................................... कार्यालय (यस भन्दा पछाडि प्रथम पक्ष भनिने) विशिष्टताका आधारमा छनौट भएका श्री .................................... (यस भन्दा पछाडि दोश्रो पक्ष भनिने) बीच तपसिलका शर्तनामाहरु गरी गराई कार्यक्रम सम्पन्न गर्न सम्झौता/ सहमति भएको छ।

१. **कृषिकर्मी रोजगारी कार्यक्रम सञ्चालन कार्यविधि,२०७७ अनुसार** प्रथम पक्षले दोश्रो पक्षलाई बढिमा ........ जना कृषिकर्मी काममा लगाउनको लागि बढीमा .......... रकम प्रतिमहिनाको दरले ........ वर्ष सम्म उपलब्ध गराउनेछ।

२. बुँदा नं. १ मा जे सुकै कुरा लेखिएको भएपनि दोश्रो पक्षले कार्यविधि र सम्झौताका सबै शर्तहरु पालना नगरेमा पहिलो पक्ष भुक्तानी गर्न बाध्य हुनेछैन।

३. दोश्रो पक्षले कृषिकर्मीलाई कार्यविधि अनुसार सामाजिक सुरक्षा कोषमा जम्मा गर्नुपर्ने रकम बाहेक कृषिकर्मीलाई भुक्तानी गर्नुपर्ने पारिश्रमिक रकम भुक्तानी गरेको कागजात पेश गरेपछि प्रथम पक्षले भुक्तानी गर्नुपर्ने रकम दोश्रो पक्षको बैंङ्क खातामा जम्मा गर्नु पर्नेछ।

४. सामाजिक सुरक्षा कोषमा जम्मा गर्नु पर्ने अनुसूची-८ बमोजिमको रकम नियमित रुपमा जम्मा गर्नु गराउनु पर्नेछ।

५. दोश्रो पक्षले हरेक महिना अनुदान रकम माग गर्दा कृषिकर्मी रोजगार कार्यक्रम अन्तर्गत प्राप्त अनुदानको भुक्तानी विवरण पेश गरेपछि मात्र प्रथम पक्षले अर्को महिनाको अनुदान रकम उपलब्ध गराउनेछ।

६. दोश्रो पक्षले प्रस्तावना अनुरुपका कार्यक्रम तथा विस्तृत कार्ययोजना अनुसार कार्यरत कृषीकर्मीसँग सम्झौता समेत गरी सम्झौताको प्रतिलिपी सहित १५ दिनभित्र मन्त्रालयमा पेश गर्नु पर्नेछ र नयाँ कृषिकर्मी भर्नाको हकमा प्रचलित कानून बमोजिम नियुक्ति दिएको विवरण १५ दिनभित्र मन्त्रालयमा पेश गर्नु पर्नेछ।

७. प्रथम पक्षले दोश्रो पक्षबाट समय सापेक्ष नियमित रुपमा कार्यक्रम सञ्चालन गरे नगरेको अनुगमन गर्ने, गराउनेछन र यसरी अनुगमनमा खटिइ आउने कर्मचारीलाई दोश्रो पक्षबाट आवश्यक सहयोग गर्नुपर्नेछ।

७. यो सम्झौतामा उल्लेखित काम गर्दा आउन सक्ने कुनै पनि प्राकृतिक प्रकोप/भवितव्यको पूर्ण जिम्मेवारी दोश्रो पक्ष स्वयम् आफै हुनेछ।

८. यस सम्झौतामा उल्लेख भए भन्दा अन्य व्यहोराको हकमा प्रचलित कानून बमोजिम हुनेछ।

| **प्रथम पक्ष** |
| --- |
| कार्यालयको तर्फबाट सही गर्नेको |
| नामः |
| पदः |
| दस्तखतः |
| मितिः |
| कार्यालयको छापः |
| |

| **दोश्रो पक्ष** |
| --- |
| कृषि फर्म वा कम्पनीको तर्फबाट सही गर्नेको |
| नामः |
| पदः |
| दस्तखतः |
| मितिः |
| रोजगारदाताको छापः |
| |

| **रोहवर** |
| --- |
| कार्यालयको तर्फबाट सही गर्नेको |
| नामः |
| पदः |
| दस्तखतः |
| मितिः |
| कार्यालयको छापः |
| |

| **रोहवर** |
| --- |
| कृषि फर्म वा कम्पनीको तर्फबाट सही गर्ने प्रतिनिधीको |
| नामः |
| पदः |
| दस्तखतः |
| मितिः |
| औंठाको छापः |
| |

## अनुसुची-८

(दफा ४ को उपदफा (७) सँग सम्बन्धित)

### कृषिकर्मी रोजगार कार्यक्रममा प्रदेश सरकारले उपलब्ध गराउने सुविधा रकम

| क्र.सं | विवरण | इकाइ | कुल जम्मा | प्रदेश सरकार | रोजगारदाता | कृषिकर्मी | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | पारिश्रमिक वा तलव | मासिक | १०,७८१ | ३२३४ | ७५४७ | | सरकारले तोकेको न्यूनतम रकम |
| २ | सामाजिक सुरक्षा कोष | मासिक | ३३४२ | २१५६ | १०८ | १०७८ | |
| ३ | अतिरिक्त समय भत्ता | | | | नियमानुसार | | |
| | **जम्मा** | | **१४१२३** | **५३९०** | **७६५५** | **१०७८** | |

**नोट** : पारिश्रमिक वा तलबको हकमा नेपाल सरकारले तोकेको न्यूनतम पारिश्रमिक वा तलबको पहिलो वर्ष ३० प्रतिशत, दोश्रो वर्ष २५ प्रतिशत उपलब्ध गराउने र दुई आर्थिक वर्ष पश्चात यस कार्यक्रम कार्यान्वयनको प्रभाव मूल्याङ्कनबाट उक्त कार्यक्रमको आवश्यकता, औचित्यता र प्रभावकारिताको आधार समेतबाट प्रदेश सरकारले तेस्रो वर्ष २० प्रतिशत, चौथो वर्ष १५ प्रतिशतसम्म उपलब्ध गराईनेछ र पाचौं वर्षबाट प्रदेश सरकारबाट पारिश्रमिक वा तलव वापतको रकम प्रदान गरिने छैन। तर सामाजिक सुरक्षा कोषमा प्रदान गरिने २० प्रतिशत रकम पाँच वर्षसम्म पनि यथावत रहनेछ।